नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/०३/०८१/८२

मिति: २०८१/०६/२२

# सूचना

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु**

यस बैंकबाट मिति २०७५/०३/०६ मा जारी गरिएको सूचना अनुरुप इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुले वर्षभरी नै असोज, पुष, चैत र असार महिनाको अन्तिम हप्ता २५ गते र सो पछि मसान्तसम्म शनिबार लगायत जुनसुकै सार्वजनिक बिदा परेतापनि राजस्व बुझ्ने प्रयोजनको लागि नेपाल राष्ट्र बैंक लगायत राजस्व कारोबार गर्ने सम्पूर्ण बैंकहरु, चेक क्लियरिङ गर्ने प्रयोजनका लागि अन्य बैंक तथा वित्तीय संस्थाहरु एवम् नेपाल क्लियरिङ हाउस पूर्णकालीन रुपमा खुला गरी राजश्व बुझ्ने व्यवस्था मिलाउन सूचना जारी गरिएकोमा २०८१ सालको प्रथम त्रैमासको अन्तिम हप्तामा बडादशैं पर्न गएको र सो पश्चात असोज २९ र ३० गते कार्यालयहरु खुला रहने नै हुँदा २०८१ असोजका लागि उपरोक्त व्यवस्था अनुरुप कार्यालय/शाखा कार्यालय पूर्णकालीन रुपमा खुला गरी संचालन गर्न अनिवार्य नहुने व्यवस्था गरिएको छ।

भवदीय,

कार्यकारी निर्देशक